# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०७७/०७८
च.नं.:

दोस्रो पटक प्रकाशित मिति २०७७/०५/२२

सूचना दरभाउ पत्र नं. NP-DoCR-183661-RFQ
आ.व. ०७७/०७८ को व्यक्तिगत घटना दर्ता डिजीटाइजेशन गर्ने सम्बन्धि
सिलबन्दी दरभाउ पत्रको १५ दिने सूचना

यस कार्यालयका वार्ड नं. १-१९ का सबै व्यक्तिगत घटना दर्ताहरु वि.सं. २०३३ साल देखि हाल सम्म अनलाइन हुन बाँकी भएका वार्डहरुको समेत यस आ.व. ०७७/०७८ मा सेवा प्रदायक छनौट गरी सोका आधारमा व्यक्तिगत घटना दर्ता Digitization गर्नु पर्ने भएकोले समय भित्र रित पूर्वक तपशिलको शर्तको अधिनमा रही दरभाउ-पत्र पेश गर्न हुन यो जानकारी गराइएको छ । अन्य वृष्तृत विवरण यस कार्यालयको वेवसाइट www.dhangadhimun.gov.np मा प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) सिलबन्दी दरभाउ-पत्र पेश गर्न इच्छुक फर्म/सेवा प्रदायक संस्था/कम्पनीको नविकरण भएको प्रमाण-पत्र, मूल्य अबिधृद्धि कर दर्ता प्रमाण-पत्र, आ.व. ०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र, वा म्याद थप भएको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी सिलबन्दी साथ पेश गर्नु पर्नेछ ।

२) यस कार्यालय अन्तरगत १-१९ वडा कार्यालयका उल्लिखित पञ्जिकरण ढड्डाहरु मा करीब ९०,००० व्यक्तिको अनलाइन डाटा इन्ट्री गर्नु पर्नेछ। यसमा A3 साइजको करीब १८ हजार पानाहरु scan गरी upload गर्नु पर्ने छ ।

३) दरभाउ पत्र फाराम र Specification कार्यालय समय भित्र रु. १०००।- (पछि फिर्ता नहुने गरी) दस्तुर तिरी वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय धनगढी कैलालीमा रहेको न.पा.आन्तरिक राजश्व खाता नं. ४१७००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर पेश गरी पञ्जिकरण शाखाबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।

४) दरभाउ पत्र फाराम दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयमा खरिद गरी सक्नुपर्ने छ । दरभाउ-पत्र १६ औं दिनको १२:०० बजे भित्र कार्यालयमा पेश गरी सक्नुपर्ने छ । दरभाउ-पत्र को १६ औं दिनको २:०० बजे खोलिने हुदाँ सो समयमा दरभाउ-पत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्ने छ, उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।

०७७/०५/२२
प्रमुख प्रशासकीय अधिकृत

५)	दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे मा लगतै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

६)	दरभाउ पत्र दाताले दरभाउ पत्र पेश गर्दा रकम रु ३०,०००।- यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हिसाब नं. ४१७००३०३००००० २ मा नगदै जम्मा गरेको रसिद वा सो रकम बराबरको ७५ दिन म्याद भएको 'क' बर्गको वाणिज्य बैंक को जमानत पत्र पेश गर्नु पर्ने छ ।

७)	छनौट हुने दरभाउ-पत्र दाताले सम्झौता गरेको ठेक्का अंक रकमको सार्वजनिक खरिद नियमावली २०६३ बमोजिम हुन आउने रकम बराबर नगदै वा नेपाल राष्ट्र बैंक बाट स्विकृत प्राप्त 'क' बर्गको वाणिज्य बैंक द्वारा ठेक्का अवधि सम्मका लागि जारी गरिएको Performance Bond पेश गरे पछि मात्र सम्झौता गराइ खरिद सम्झौता गराई कार्यादेश दिइने छ ।

८)	दरभाउ-पत्र मा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९)	यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको, म्याद नाघी आएको दरभाउ-पत्र माथी कुनै कारवाही हुने छैन ।

१०)	यस शर्तमा लेखेको कुराहरु यसै बमोजिम र छुटेका कुराहरु दरभाउ-पत्र फाराममा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्विकृत सार्वजनिक खरिद नियमावली २०७७, नगर सभाले स्विकृत गरेको आर्थिक ऐन २०७७ र प्रदेश तथा प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

११)	दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यस सम्बन्धि कुनै कुरा बुझ्न् चाहेमा कार्यालय समय भित्र पञ्जिकरण शाखाको फोन नं. ०९१-५२०७३३ मा सम्पर्क राख्न सकिने छ ।

१२)	यस सूचना अनुसार दरभाउ-पत्र दाताले राम्रो सँग बुझी दरभाउ-पत्र पेश गरेको मानिने छ ।

१३)	काम सम्पन्न गर्नु पर्ने अवधि २०७७ कार्तिक मसान्त सम्म सम्पन्न गरी सक्नु पर्ने छ ।

१४)	सेवा प्रदायकले सेवा उपलब्ध गराउदा अनिवार्य रुपमा जुनसुकै विषयमा स्नातक उतिर्ण व्यक्ति, कम्तीमा पाँच बर्ष डाटा इन्ट्री, स्क्यानिङ र डाटा व्यवस्थापनमा अनुभव भएको डाटा हेर्ने सुपरभाइजर अनिवार्य रुपमा उपलब्ध गराउन सक्छु भनि सम्बन्धीत व्यक्तिको कबुलियतनामा सहित कागज पेश गर्नु पर्ने छ । साथै डाटा इन्ट्री अपरेटरको लागी कम्तीमा प्लस टु पास गरेको र कम्तीमा ६ महिना कम्प्युटर तालिम लिएको, ६ महिना काम गरेको अनुभव प्राप्त प्रमाण पत्र सहित सम्बन्धित जनशक्ति व्यक्तिले सेवा प्रदायकको फर्ममा उल्लिखित कार्य विवरण अनुसार काम गर्न कबुलियत गरेको कागज अनिवार्य रुपमा पेश गरेमा मात्र सम्बन्धित सेवा प्रदायक कम्पनी/फर्मको प्रस्ताव मुल्याङ्कनको लागी योग्य भएको मानिने छ ।

१५)	रित पुगेको दरभाउ-पत्र प्रस्तावहरु मध्ये न्युनतम मुल्यांकिंत सारभुतरुपमा प्रभावग्राही प्रस्ताव मात्र छनौट गरिने छ ।

१६)	छनौट भएको सेवा प्रदायक संस्थाले प्रिन्टर, स्क्यानर लगायतका आवश्यक Equipment हरु आफै व्यवस्थापन गर्नु पर्ने छ । साथै सेवा प्रदायक संस्थाले संलग्न

२०७७।०५।१२
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Specification अनुसारको कार्य विवरण तोकिएको समयमा सम्पन्न गर्नु पर्ने छ अन्यथा सम्बन्धित फर्मको proformence bond जफ्त गर्न सकिने छ ।

१७) सेवा प्रदायकले Specification अनुसारको कार्य सम्पन्न गर्दा कार्यालयका कम्प्युटर इन्जिनियर, एम.आइ.एस. अपरेटर र फिल्ड सहायक को प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही काम गर्नु पर्ने छ ।

१८) यस सूचनामा छुटेका कुराहरु खरिद सम्झौताको शर्त बमोजिम हुने छन् ।

१९) दरभाउपत्र दाताले प्रस्ताव पेश गर्दा कार्यालयले उपलब्ध गराएको BOQ र संलग्न Specitication को अधिनमा रही दररेट भरी पेश गर्नु पर्नेछ, अन्यथा मान्यता हुने छैन ।

२०) छनौट भएको सेवा प्रदायक संस्थाको बिल अनुसारको भुक्तानी बाँकी हुन गएमा सम्झौता रकम मध्ये जति रकम अपुग हुन आउछ सो रकम भुक्तानी बाँकीमा राखी आगामी आ.व. २०७८/०७९को प्रथम चौमासिकमा भुक्तानी गर्न सकिने छ ।

२१) बजेट रकम ६,९८,०००। भ्याट सहित (ओभरएड खर्च समेत) स्विकृत भएको छ । नगर कार्यपालिकाको कार्यालयको उल्लिखित website मा राखिएको छ ।

२२) व्यवस्थापकिय खर्चको लागी तोकिए बमोजिमको व्यवस्थापन खर्च सम्बन्धित पक्षलाई उपलब्ध गराइने छ ।

२३) दरभाउ-पत्रको pre-bid meeting को लागी सूचना प्रकाशन भएको मितिले १२ औं दिन दिनको १:०० बजे नगर कार्यपालिकाको कार्यालयको सभा हलमा हुनेछ । सबै प्रस्तावदाता अनिवार्य रुपमा उपस्थितीका लागी आव्हन गरिन्छ । त्यस दिन बिदा परेमा लगतै कार्यालय खुलेको समयमा सोही तोकिए अनुसार Pre-bid meeting हुनेछ । pre-bid meeting को मिति २०७७/०६/०२ गते १:०० बजे राखिएको छ । सो दिन सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको सोही समयमा संचालन हुनेछ ।

.............................

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत